प्रति कित्ता अंकित मूल्य रु.१००/- दरका ७,३६,२८६ कित्ता साधारण शेयर मध्ये १४,७२६ कित्ता अर्थात कुल निष्काशनका २% शेयर कर्मचारीहरुलाई र ३६,८१४ कित्ता अर्थात कुल निष्काशनको ५% शेयर सामूहिक लगानी कोषको लागि सुरक्षित गरिएको र बाँकी ६,८४,७४६ कित्ता साधारण शेयर सर्वसाधारणमा निष्काशन गरिएको छ ।

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता	: १० शेयर
दरखास्त दिनपाउने अधिकतम कित्ता	: १,००,००० शेयर

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

क्रेडिट रेटिङ्ग सम्बन्धमा:

यस कम्पनीलाई कियर रेटिङ्ग नेपाल लिमिटेडले "CARE-NP D (Is) [D (Issuer)] " रेटिङ्ग प्रदान गरेको छ। यो रेटिङ्ग प्राप्त गर्ने संस्थाले वित्तीय दायित्व पूरा नगरेको वा छिटै पूरा गर्न नसक्ने (Issuers with this rating are in default or are expected to be in default soon) जनाउँदछ।
रेटिङ्ग प्रदान गरेको मिति : डिसेम्बर २८, २०२० रेटिङ्ग बहाल रहने अवधि : रेटिङ्ग प्रदान गरिएको मितिले १ वर्ष

मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेड
Mailung Khola Jal Vidhyut Company Limited

का.म.न.पा, वडा न १ सुवर्ण शमशेर मार्ग, बालुवाटार, काठमाण्डौ,
फोन नं. ०१-४४३२३७२
इमेलः mailun@wlink.com.np, वेभसाइटः www.mailungkhola.com

आह्वान–पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानी

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.व.०७४/७५	आ.व.०७५/७६	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९	आ.व.०७९/८०
प्रति शेयर आम्दानी (EPS)	(४.३०)	२.३३	१७.८८	२८.५४	८.११	९.८५
प्रति शेयर नेटवर्थ	७५.२५	७७.७२	९५.७५	१२०.२५	१२०.८७	१२०.७२
जगेडा कोष र संचित नाफा (हजारमा)	(७१,६१०)	(६४,७६०)	(१२,०९८)	७४,५५३	७६,८१४	७६,२६७

साधारण शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला हुने मिति	: २०७८/०४/१४ गते
निष्काशन बन्द हुने छिटोमा मिति	: २०७८/०४/१८ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने ढिलोमा मिति	: २०७८/०४/२८ गते (बैंकिङ्ग समय पश्चात्)

प्रति मेगावाट लागत सम्बन्धी विवरण:

आयोजनाको कुल लागत रकम रू ९०,२९,३५,४९६/- (नब्बे करोड उन्तीस लाख पैतिस हजार चार सय छयानब्वे मात्र) रहेको छ र प्रति मेगावाट लागत रू १८,०५,८७,१००/- (अठार करोड पांच लाख सतासी हजार एक सय मात्र) रहेको छ ।

विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण:

पत्र वहाल रहने अवधि मिति २०६०।१२।०३ देखि २०९४।१२।३० सम्म रहेकोले १७ वर्ष बाँकी रहेको छ ।

लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण:

साधारण लगानी फिर्ता हुने अवधि (Pay Back Period) ६ वर्ष २ महिना रहेको छ र डिष्काउन्टेट (Discounted) लगानी फिर्ता हुने अवधि १० वर्ष ६ महिना रहेको छ ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७८/०३/२३ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७८/०३/२८ ।

१. कम्पनीको नाम : मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेड (Mailung Khola Jal Vidhyut Company Limited) ।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०५९ साल श्रावण ७ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट कम्पनीको रूपमा दर्ता भई कारोबार शुरु गरेको र मिति २०७१/०५/०६ गते पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता अभिलेख भई संचालन गर्दै आएको कम्पनी हो ।

३. कम्पनीको रजिष्टर्ड ठेगाना :

कम्पनीको रजिष्टर्ड ठेगाना का.म.न.पा. वडा नं. १, सुवर्ण समशेरमार्ग, बालुवाटार, काठमाडौंमा रहेकोछ । आवश्यक भएमा कम्पनीले रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा शाखा कार्यालयहरू खोल्न सक्नेछ ।

४. कम्पनीको कारोबार गर्ने मुख्य स्थान :

[illegible]

१०. उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	कर्मचारीको नाम	पद	योग्यता	कार्यानुभव
१	विनय चिपालु	महा प्रबन्धक	बि.ई. सिभिल इन्जिनियरिङ्ग	रोड सर्भे तथा डिजाइन हाइड्रोपावर डिजाइन तथा कन्स्ट्रक्सनमा कार्यरत, (पौष २०६६ देखि फागुन २०७२) असिस्टेन्ट कोअर्डिनेटर (चैत्र २०७२ देखि बैशाख २०७५)
२.	आशिश श्रेष्ठ	प्लान्ट मानेजर	बि.ई. इलेक्ट्रिकल इन्जिनियरिङ्ग	हाइड्रोपावर अपरेशन तथा इन्स्टलेसनमा कार्यरत

११. सीमित दायित्व सम्बन्धी विवरण :

यो कम्पनी कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा संचालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरूको दायित्व निजहरूले खरिद गर्न कबुल गरेको शेयरको अंकित रकम सम्म मात्र सीमित रहनेछ ।

[illegible]

प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेको छ।

१) हाल विद्युत खरिद बिक्री सम्झौतामा भएको प्रावधान बमोजिम ५ मे.वा. सम्मको आयोजनाको लागी खरिद दर बर्षायाममा रु.३.७२/- तथा सुख्खायाममा रु. ५.२७/- को आधारमा कम्पनीको आम्दानी गणना गरिएको छ । नियमित विद्युत बिक्री आम्दानीको अतिरिक्त कम्पनीले नेपाल सरकार मन्त्रि परिषद्बाट २०६८/१०/१७ मा स्वीकृत "१० बुदे लोडशेडिङ्ग न्यूनिकरण कार्ययोजना, २०६८ अनुसार सुविधा सम्बन्धी कार्यविधि २०६८ मा व्यवस्था भए वमोजीमको उर्जा मन्त्रालय तथा मैलुङ्ग खोला जलविद्युत कम्पनी र नेपाल विद्युत प्राधिकरण तथा मैलुङ्ग खोला जलविद्युत कम्पनी सुविधा सम्वन्धि सम्झौता" अनुसार आ.व २०७७/७८ सम्मको लागि Posted rate सहित अतिरिक्त बिद्युत बिक्री आम्दानीलाई लेखाङ्कन गरिएको छ र सो अनुसारको कम्पनीले नेपाल बिद्युत प्राधिकरणवाट भुक्तानी प्राप्त गरिएको छ ।

२) हालको सरकारी नीति बमोजिम जलविद्युत आयोजनालाई मुल्य अभिवृद्धि कर छुटको सुविधालाई हालको प्रक्षेपणमा समावेश गरिएको छैन ।

३) विवरणपत्र तयार गर्दाको समयमा रहेको बैंक व्याजदर आ.व २०७७/०७८ मा ८ प्रतिशत तथा आगामी बर्ष हरुमा ७.४३ प्रतिशत आधारमा आय प्रक्षेपण गरिएको तर समय सापेक्ष बैंकको व्याजदर घटेमा लाभांश तथा नाफाको दरमा बृद्धि हुनेछ ।

४) कम्पनीले आ.ब २०७७/०७८ मा सर्वसाधारणलाई छुट्याईएको शेयर निष्काशन गरिने योजना रहेको छ ।

५) ह्रास खर्च तर्फ परियोजनासंग प्रत्यक्ष सम्वन्धित सम्पत्तीमा परियोजना अवधिभरका लागि SLM र कम्प्युटर, फर्निचर तथा अन्य उपकरण मा ३३.३३ प्रतिशत सवारी साधनमा २६.६७ प्रतिशत अन्य सम्पत्तीमा २० प्रतिशत गरी WDV माध्यमबाट प्रक्षेपण गरिएको छ ।

[illegible]

स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि अधिकतम १५ दिनको हुनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर विवरणपत्रमा गरिएको व्यवस्था अनुसार कुनै पनि हालतमा ४ कार्य दिनभन्दा अगाडि शेयर खरिदको आवेदन लिने काम बन्द गरिने छैन ।

२५. क्रेडिट रेटिङ्ग सम्बन्धमा :

यस कम्पनीलाई कियर रेटिङ्ग नेपाल लिमिटेडले "CARE-NP D (Is) [D (Issuer)] " रेटिङ्ग प्रदान गरेको छ । यो रेटिङ्ग प्राप्त गर्ने संस्थाले वित्तीय दायित्व पूरा नगरेको वा छिटै पूरा गर्न नसक्ने (Issuers with this rating are in default or are expected to be in default soon) जनाउँदछ ।
रेटिङ्ग प्रदान गरेको मिति : डिसेम्बर २८, २०२०, रेटिङ्ग बहाल रहने अवधि : रेटिङ्ग प्रदान गरिएको मितिले १ वर्ष

२६. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक कक्षको व्यवस्था गरिएको छ । गुनासो सुन्नको लागि श्री रिकेश श्रेष्ठ तथा सम्पर्क नं. ०१४४२०९२४ तोकिएको छ तथा लगानीकर्ताहरुले E-mail: rikesh@siddharthacapital.com माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन् ।

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतिय माध्यामबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गरिन्छ ।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक:

Siddhartha Capital Limited
सिद्धार्थ क्यापिटल लिमिटेड
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ४४२०९२४/४४२०९२५, फ्याक्सः ४४२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com